# नेपाल सरकार
# अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग

## आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क. र ८९ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीहरु (२०७६।७७)

| आकर्षित हुने दफा | भुक्तानीमा करकट्टी हुने भुक्तानी | भुक्तानीमा कर कट्टीको दर % |
|---|---|---|
| दफ ८७ (१) | रोजगारीको आय (पारिश्रमिक) | **अनुसूची १ को दफा १ वा २ मा तोकिएको दरले** |
| दफा ८८(१) | नेपालमा स्रोत भएको व्याज भुक्तानी | **१५** |
| दफा ८८(१) | प्राकृतिक श्रोत, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री वोनस, अवकाश भुक्तानी आदि | **१५** |
| दफा ८८(१)<br>९२(१)(ज) | वैठक भत्ता, पटके रुपमा गरिएको अध्यापन गराए बापत, प्रश्न पत्र तयार गरे वा उत्तर पुस्तीका जांच गरे वापतको भुक्तानी | **१५** |
| दफा ८८(१)(१) | नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीबाट रु. ५,००,००० वा ५० प्रतिशत मध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहने भुक्तानी | **५** |
| दफा ८८(१)(२) | वासिन्दा रोजगार कम्पनीले गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशन | **५** |
| दफा ८८(१)(३) | वायुयानको लिज (पट्टा) वापतको रकम भुक्तानी | **१०** |
| दफा ८८(१)(४) | मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा वा मूल्य अभिबृद्धि कर छुटको कारोवार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्क | **१.५** |
| दफा ८८(१)(५)<br>९२(१)(ख) | व्यवसाय संचालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसंग गांसिएका जडानहरु र उपकरणहरु वापत भुक्तानी गरेको भाडा | **१०** |
| दफा ८८(१)(५) | नेपालमा स्रोत भएको भाडा भुक्तानी | **१०** |
| दफा ८८(१)(५) | मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा बापत भुक्तानी गर्ने रकम | **१.५** |
| दफा ८८(१)(६) | सामुहिक लगानी कोष (म्यूच्युअल फण्ड) बाट बितरण गरिने प्रतिफल<br>प्राकृतिक व्यक्तिलाई<br>अन्य व्यक्तिलाई | <br>**५**<br>**१५** |
| दफा ८८(१)(७) | वासिन्दा व्यक्तिले भू उपग्रह, व्याण्डविथ, अप्टिकल फाइवर, दूरसंचार सम्बन्धी उपकरण वा विद्युत प्रशारण लाइन प्रयोग गरे वापतको भुक्तानी | **१०** |
| दफा ८८(१)(८) | ढुवानी सेवा वापतको भाडा भुक्तानी | **२.५** |
| दफा ८८(२)क | लाभांश | **५** |
| दफा ८८(२)ख | लगानी बीमाको लाभ | **५** |
| दफा ८८(२)ग | स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानी | **५** |

| | | |
|---|---|---|
| दफा ८८(३) | नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको खण्डमा बासिन्दा बैंक, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिबेन्चर तथा सरकारी वण्डको बापत भुक्तानी गर्ने व्याज | **५** |
| दफा ८८क(१) | आकस्मिक लाभ | **२५** |
| दफा ८९(१) | ठेक्का वा करार वापत रु. ५०,००० भन्दा वढी रकमको भुक्तानी | **१.५** |
| दफा ८९(३)(क) | गैर वासिन्दा व्यक्तिलाई भुक्तानी हुने वायुयान मर्मत तथा अन्य ठेक्का वा करारमा | **५** |
| दफा ८९(३)(ख) | गैर वासिन्दा बीमा कम्पनीलाई भुक्तानी हुने प्रिमियम वा गैर वासिन्दा बीमा कम्पनीबाट पुनर्बीमा वापत प्राप्त हुने प्रिमियम रकमबाट दिइने कमिशन | **१.५** |
| दफा ८९(३)(ग) | गैर वासिन्दा व्यक्तिलाई हुने अन्य भुक्तानी | **विभागले लिखित सूचना दिए बमोजिम** |
| दफा ८९(३क) | उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैया भन्दा बढीको भुक्तानी | **१.५** |
| दफा ८८(१)(५)(ख) | प्राकृतिक व्यक्तिले घर बहाल वापत प्राप्त गरेको रकममा | **कर कट्टी गर्नु नपर्ने** |
| दफा ८८(१)(५)(ग) | उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट भुक्तानी गरे वापत मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१ख) बमोजिम प्रदान गरिने प्रोत्साहन रकममा | **कर कट्टी गर्नु नपर्ने** |
| दफा ८८(४)(क) | प्राकृतिक व्यक्तिले गरेको व्यवसाय संचालनसंग सम्वन्धित बाहेकका अन्य कुनै भुक्तानी | **कर कट्टी गर्नु नपर्ने** |
| दफा ८८(४)(क१) | पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी | **कर कट्टी गर्नु नपर्ने** |
| दफा ८८(४)(ख) | बासिन्दा बैंक वा अरु बासिन्दा वित्तीय संस्थालाई तिरेको व्याज | **कर कट्टी गर्नु नपर्ने** |
| दफा ८८(४)(ग) | कर छुट पाएको भुक्तानी | **कर कट्टी गर्नु नपर्ने** |
| दफा ८८(४)(घ) | क्रेडिट कार्ड जारी गर्ने वैंकलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क | **कर कट्टी गर्नु नपर्ने** |
| दफा ८८(४)(ङ) | सामुहिक लगानी कोष (मुच्यूअल फण्ड) लाई भुक्तानी गरिएको लाभांस र व्याज | **कर कट्टी गर्नु नपर्ने** |
| दफा ८८क(२) | साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकरिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए वापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पाँच लाख रुपैयासम्मको पुरस्कार | **कर कट्टी गर्नु नपर्ने** |
| दफा ९५क(१) | कमोडिटी फ्यूचर मार्केट अन्तर्गत व्यापार गर्ने व्यक्तिबाट सो व्यवसायबाट प्राप्त गर्ने मुनाफा र लाभमा कमोडिटी फ्युचर मार्केट सेवा संचालन गर्ने निकायले असुल गर्नुपर्ने अग्रिम कर | **१०** |
| दफा ९५क(२)(क) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको भुक्तानी वासिन्दा प्राकृतिक व्यक्तिको हकमा | **५** |
| दफा ९५क(२)(क) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको भुक्तानी वासिन्दा निकायको हकमा | **१०** |
| दफा ९५क(२)(क) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको भुक्तानी अन्यको हकमा | **२५** |
| दफा ९५क(२)(ख) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको भुक्तानी वासिन्दा प्राकृतिक व्यक्तिको हकमा | **१०** |

| | | |
|---|---|---|
| दफा ९५क(२)(ख) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको भुक्तानी बासिन्दा निकायको हकमा | १५ |
| दफा ९५क(२)(ख) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको भुक्तानी अन्यको हकमा | २५ |
| दफा ९५क(५)(क) | प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निःसर्ग वापत भएको पूजीगत लाभमा सम्पत्तिको स्वामित्व पांच वर्ष वा सो भन्दा बढी भएकोमा | २.५ |
| दफा ९५क(५)(ख) | प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निःसर्ग वापत भएको पूजीगत लाभमा सम्पत्तिको स्वामित्व पांच वर्ष भन्दा कम भएकोमा | ५ |
| दफा ९५क(६) | दफा ९५क(५) मा लेखिए देखि बाहेक अन्य कुनै व्यक्तिको स्वामित्वको जग्गा वा भवन निःसर्ग भएको मुल्यमा | १.५ |
| दफा ९५क(७) | व्यापारिक प्रयोजनको लागि पैठारी हुने भन्सार दरबन्दीको भाग १ मा पर्ने रांगा, भैसी, खसी, बोका, च्यांग्रा, भाग ३ मा पर्ने जीवित,ताजा तथा हिमिकृत गरिएको माछा, भाग ६ मा पर्ने ताजा फुलहरु, भाग ७ मा पर्ने ताजा तरकारी, आलु, प्याज, सुख्खा तरकारी, लसुन, बेबी कर्न र भाग ८ मा पर्ने ताजा फलफुलहरुमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा | ५ |
| | भाग २ को मासु, भाग ४ को दूधजन्य पदार्थ, अण्डा, मह, भाग १० को कोदो, फापर, जुनेलो, चामल, कनिका, भाग ११ को मैदा, आंटा तथा पिठो, भाग १२ को जडिबुटि, उखु र भाग १४ को बनस्पतिजन्य उत्पादनमा | २.५ |

**अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी (दफा ९२):**

(१) देहायका भुक्तानीलाई अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी मानिनेछ :-

(क) बासिन्दा कम्पनी वा साझेदारी फर्मले भुक्तानी गरेको लाभांश,

(ख) व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसँग गाँसिएका जडानहरु र उपकरणहरु बापत भुक्तानी गरेको भाडा,

(ग) बासिन्दा व्यक्तिले लगानी बीमा बापत भुक्तानी गरेको लाभ,

(घ) बासिन्दा व्यक्तिले तिरेको स्वीकृति नलिएको अवकाश कोषको हित बापत भुक्तानी गरेको लाभ,

(ङ) दफा ८८ को उपदफा (३) मा उल्लिखित बैङ्क, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनी वा सहकारीले भुक्तानी दिएको देहाय बमोजिमको ब्याज :-

(१) नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको,

(२) दफा २ को खण्ड (ध) बमोजिमको कर छुट पाउने संस्थालाई भुक्तानी गरेको ।

(च) दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम गैरबासिन्दा व्यक्तिलाई दिइएको कर कट्टी हुनु पर्ने भुक्तानी ।

(छ) नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानी समेत सबै प्रकारका अवकाश भुक्तानी (नियमित रूपमा भुक्तानी हुने निवृत्तिभरण बाहेक),

(ज) प्रति बैठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता, पटके रूपमा अध्यापन गराए वापत, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे वापतको भुक्तानी,

(झ) आकस्मिक लाभ बापतको भुक्तानी,

(ञ) सामुहिक लगानी कोष (म्युचुअल फण्ड) बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम ।

(ट) एकलौटी फर्म बाहेकका प्राकृतिक व्यक्तिको सवारी साधन वा ढुवानी सेवाको भाडा वापतको भुक्तानी ।